**नमोवुद्ध नगरपालिका, नगरकार्यपालिकाको कार्यालय**

**भकुण्डेवेशी, काभ्रेपलाञ्चोक**

# सवारी साधन (जिप) आपूर्ति गर्ने कार्यको लागि सिलबन्दी बोलपत्र आव्हान गरिएका सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७४/०५/०५**

यस नगरपालिकाको लागि आवश्यक जिप थान १ खरिद गर्नुपर्ने भएकोले निम्निलिखित शर्तभित्र रही आपूर्ति गर्न सक्ने इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट यस नगरपालिकाबाट स्वीकृत भएको स्पेशीफिकेसन तथा बोलपत्र कागजात संलग्न राखी सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**कामको विवरण ठेक्का नं. NM/G/NCB/VH-1.1**

| प्याकेज नं. | कामको विवरण | खरिद प्रक्रिया | लागत अनुमान | बोलपत्र दस्तुर | जमानत वापतको रकम |
|---|---|---|---|---|---|
| १ | चार पाँग्रे सवारी साधन (जिप) १ (एक) थान | सिलबन्दी बोलपत्र | ५९,९०,०००।०० | रु.३०००।- | रु.१७९७००।- |

१ सिलबन्दी बोलपत्र फाराम बुझाउन इच्छुक फर्म, संस्था वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. ०७३/७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथ फाराम खरिदको आवेदन सहित यस आयोगबाट बोलपत्र दस्तुर रुपैयाँ (पछि फिर्ता नहुने गरी) बुझाएको रसिद संलग्न गरी बोलपत्र फाराम प्राप्त गर्न सकिन्छ ।

२ बोलपत्र फाराम साथ नगद रकम जम्मा गर्न चाहने बोलपत्रदाताले **नमोवुद्ध नगरपालिका,भकुण्डेवेशी को राष्ट्रिय वाणिज्य बैंक, धुलीखेलमा रहेको धरौटी खाता नं. ग ३–१०४०३०३००७१०३ (कार्यालय कोड नं. ३०-३६५-१६)** मा दाखिला गरी सक्कल बैंक भौचर बोलपत्र सम्बन्धी कागजात साथ पेश गर्नु पर्नेछ । वा सो रकम बराबरको यस नमोवुद्ध नगरपालिकाको नाममा कुनै 'क' वर्गको बाणिज्य बैंकले जारी गरेको फाराम बुझाउने अन्तिम मितिले कम्तिमा १२० दिन मान्य अवधिको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

३ बोलपत्र पेश गर्दा बोलपत्र फाराम साथ फर्म, संस्था वा कम्पनी दर्ता, मू.अ.कर दर्ता, आयकर दर्ता, आ.व. ०७३।७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि नोटरी प्रमाणित गरी तथा सामान आपूर्ति गरेको ३ वर्षको अनुभव सम्बन्धी सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म, संस्था वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

४ कुनै फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनी को नाममा पेश गर्न पाइने छैन ।

५ बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामबाहिर जिप खरिद सम्बन्धी सिलबन्दी बोलपत्र भनी स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजेसम्ममा नगरपालिकामा दर्ता गरिसक्नु पर्नेछ ।

६ दर्ता भएका बोलपत्रहरु सोही दिन २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य कार्यालय खुलेको पहिलो दिन सोही समय र स्थानमा गरिनेछ ।

७ कबूल गरिएको दररेट अंक र अक्षरमा स्पष्ट रुपमा भर्नुपर्नेछ । उल्लेखित अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८ म्याद नाघि आएको, रीत नपुगेको, शर्त राखी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९ नगरपालिकाको नाममा कुनै 'क' वर्गको वाणिज्य बैंकले जारी गरेको कम्तिमा १ वर्ष अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ ।

१० आधिकारिक सेल्स एजेण्ट वा डिलर बोलपत्रदाताका सम्बन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैले एजेन्सी सम्बन्धी वा डिलरसीप सम्बन्धी आधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ र सो कागजात बोलपत्रसाथ संलग्न गर्नुपर्नेछ ।

११ बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वतः घोषणा पत्र पेश गर्नुपर्नेछ ।

१२ दर्ता भएका बोलपत्रहरुमा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए/नभएको परीक्षण गरी ग्राह्य भएका बोलपत्रहरुबाट मात्र छनोट गरिनेछ ।

१३ बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराम र करारनामा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१४ यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली र अन्य प्रचलित कानून बमोजिम हुनेछ

१५ बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय बोलपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

१६ यस सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस नगरपालिकाको सम्पर्क नम्बर ०१-४०४०३१ मा गर्न सकिनेछ । यो सूचना नगरपालिकाको Website **www.namobuddhamun.gov.np** मा समेत हेर्न सकिनेछ ।